का.जि.प्र.का.द.नं. १००/०५९/६०
१४ वैशाख २०८०,
बिहीबार
27 April 2023,
Thursday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २१, अंक ९१ । पृष्ठ १०
Madhyanha National Daily
www.madhyanhadaily.com

# सिकेले बढाए शक्ति

समानुपातिक मतमा मधेश आन्दोलनको नेतृत्व गरेको जनता समाजवादी पार्टीभन्दा अगाडि जनमत पार्टी छ । उपेन्द्र यादव नेतृत्वको जसपालाई सिके राउत नेतृत्वको पार्टीले पछि पार्नुको ठूलो सांकेतिक अर्थ छ ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १३ वैशाख

प्रतिनिधि सभा निर्वाचनको बारा क्षेत्र नं. २ को उपनिर्वाचनमा जनता समाजवादी पार्टी (जसपा)का उपेन्द्र यादव २८ हजार चार सय १५ मतसहित विजयी भए । जनमत पार्टीका शिवचन्द्र कुशहवा २३ हजार तीन सय ३४ मतसहित दोस्रो भए । नेकपा एमालेका उम्मेदवार पुरूषोत्तम पौडेलले १० हजार दुई सय १६ मत ल्याए । अर्थात, चुनावी परिणामले मुख्य प्रतिस्पर्धामा जसपा र जनमत रहेको देखाउँछ भने उम्मेदवारका रुपमा उपेन्द्र र शिवचन्द्र देखिन्छन् ।



तर, राजनीतिक रुपमा भने जसपा र जनमत नै प्रतिस्पर्धामा देखिएका छन् भने नेतृत्वका दृष्टिमा उपेन्द्र यादव र जनमत पार्टीका अध्यक्ष सिके राउत । सत्तारुढ दलहरु नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी लगायतका दलको समर्थन जसपाका अध्यक्ष उपेन्द्रलाई थियो । एमाले आक्रामक रुपमा चुनावी मैदानमा उत्रिएको थियो । उपनिर्वाचनमा विभिन्न दल र स्वतन्त्र गरी ३४ जना उम्मेदवार थिए । तर, राउतको सक्रियतामा उपेन्द्रलाई शिवचन्द्रले टक्कर दिए । मधेशमा नयाँ शक्तिका रुपमा उदाएको जनमत पार्टी र यसका अध्यक्ष राउतले निर्वाचित भएपछि जसपाका अध्यक्ष उपेन्द्रलाई बधाई दिँदा समेत यसको संकेत गरेका छन् ।

'जसपा अध्यक्ष उपेन्द्र यादव बारा प्रतिनिधि सभा क्षेत्र २ को उपनिर्वाचनमा विजयी हुनु भएकोमा उहाँलगायत जसपाका सम्पूर्ण नेता, कार्यकर्ता तथा शुभचिन्तकहरूलाई हार्दिक बधाई,' राउतले भनेका छन्, 'निर्वाचन हो, ३४ जना उम्मेदवारमध्ये एउटाले न जित्ने हो । अन्य पार्टीहरूले पनि लोकतन्त्र प्रति जिम्मेवारी सहृदयताका साथ बहन गरेका छन् ।'

उनले उपनिर्वाचनमा जनमत पार्टीले पनि जनताको माया पाएको पनि स्मरण गरे । उनले भनेका छन्, 'जनमत पार्टीले समेत जनताको अगाध माया पाएको छ । हामीलाई मतदान गर्नु हुने सम्पूर्ण बारावासीलाई कोटीकोटी प्रणाम र जनमतका नेता, कार्यकर्ता तथा शुभचिन्तकहरूलाई धेरै-धेरै धन्यवाद ।'

नेकपा एमालेले आफूलाई समानुपातिकतर्फ पाएको मतका आधारमा पहिलो दलको रुपमा दाबी गर्ने गर्दछ । त्यस आधारमा मधेश प्रदेशको प्रदेश सभाको समानुपातिकतर्फ सिके राउत नेतृत्वको जनमत पार्टीले पहिलो पार्टी हो ।

मधेश आन्दोलनको नेतृत्व गरेको जनता समाजवादी पार्टी भन्दा अगाडि जनमत छ । मधेशमा उपेन्द्र यादव नेतृत्वको जसपालाई राउत नेतृत्वको पार्टीले पछि पार्नुको ठूलो सांकेतिक अर्थ छ । २०६३ पछि मधेश आन्दोलनबाट उदाएका उपेन्द्र >>> पृष्ठ २ मा


## संसद छिरे उपेन्द्र

गत मंसिरमा भएको चुनावमा सप्तरी-२ मा जनमत पार्टीका अध्यक्ष सीके राउतसँग पराजित भएका जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्रको संसद छिर्ने चाहना पूरा भएको छ ।



प्रतिनिधिसभा सदस्य उपचुनावमा बारा-२ बाट निर्वाचित भएसँगै उपेन्द्रको संसद छिर्ने चाहना पूरा भएको हो । मंसिरमा भएको चुनावमा पराजित भएपछि संसद छिर्नकै लागि उनले बारा २ बाट निर्वाचित रामसहाय प्रसाद यादवलाई उपराष्ट्रपति बनाएर उपचुनावमा आफू उम्मेदवार बनेका थिए ।

मंसिर ४ मा बारा-२ मा तत्कालीन सत्तागठबन्धन र जसपा-एमाले विपक्षी >>> पृष्ठ २ मा




**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, १३ वैशाख

वैशाख १२ गतेको विनाशकारी भूकम्पका कारण भत्किएको धरहराको संरचना मात्रै ठड्याएर तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले धुमधामका साथ उद्घाटन गरे । तर, उद्घाटनको दुई वर्ष पुग्दा समेत धरहरा हालसम्म सञ्चालनमा आउन सकेको छैन । मुख्य आकर्षणको केन्द्र मानिएको भिमसेन स्तम्भ, मुद्रा संग्रहालय र पार्किङस्थलको काम नसकिँदै प्रधानमन्त्री ओलीले धरहरा उद्घाटन गरेको भन्दै सोही समयमा आलोचना चुलिएको थियो ।

तर, हालसम्म सडक व्यवस्थित बनाउने, बगैंचा निर्माण, बाहिरी भाग व्यवस्थित गर्ने, हरियाली बनाउने, ढुंगा छाप्नेलगायत कामहरु बाँकी रहेको निर्माण कम्पनीले जनाएको छ । ४२ रोपनी क्षेत्रफलमा फैलिएको धरहरामा कामदारहरू अझै काम गरिरहेका छन् । अझ सरकारले समयमा भुक्तानी नदिदाँ थप असहजता भएको निर्माण कम्पनीले बताउँदै आएका छ । धरहरा मात्रै होईन, धेरै सरकारी भवन र संरचना उद्घाटन भएको वर्षौ बित्दा पनि सञ्चालनमा आएका छैनन् ।

### सम्मेलन केन्द्रको पनि उही हालत

धरहरा मात्रै होईन, बुटवल उपमहानगरपालिका-१० स्थित बुटवल मण्डपमा निर्माण भएको अत्याधुनिक सुविधा सम्पन्न अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र हालसम्म >>> पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# अजरबैजान र इजरायल पठाउने भन्दै ठग्ने दुई पक्राउ

**मध्यान्ह संवाददाता**
काठमाडौं, १३ वैशाख

प्रहरीले अजरबैजान र इजरायलमा आकर्षक तलब सुविधासहितको वैदेशिक रोजगारीको प्रलोभन देखाएर ठगी गरेको आरोपमा दुई जनालाई पक्राउ गरेको छ ।

नेपाल प्रहरीको मानव बेचबिखन तथा अनुसन्धान ब्यूरोले अजरबैजानमा वैदेशिक रोजगारका लागि भन्दै लगेर अलपत्र पारेको आरोपमा दाङ लमही नगरपालिका-५ बस्ने २५ वर्षीय भीमकुमार सुनारलाई पक्राउ गरेको छ । यस्तै प्रहरीले इजरायलमा रोजगारी दिलाउने भन्दै रकम ठगेको आरोपमा काठमाडौं बस्दै आएकी झापा, कमल गाउँपालिकाकी ३२ वर्षीया हरिकला दाहाललाई पक्राउ गरेको छ ।

सुनारले अजरबैजानमा होटलमा मासिक ७ सय डलरभन्दा बढी तलब हुने प्रलोभन देखाएर साढे ८ लाख रुपैयाँ लिएको उजुरी वैदेशिक रोजगार विभागमा परेको थियो ।

त्यस्तै झापाकी दाहालले इजरायल पठाइदिन्छु भन्दै विभिन्न व्यक्तिहरूबाट पटक-पटक गरी ४८ लाख रूपैयाँ ठगी गरेको प्रहरीको दाबी छ । दुवै जनालाई वैदेशिक रोजगार विभागको अनुरोधमा पक्राउ गरिएको प्रहरीले जानकारी दिएको छ । थप अनुसन्धानका लागि उनीहरुलाई विभागमा पठाइएको छ ।

वैदेशिक रोजगार ऐनले अनुमति नलिई वैदेशिक रोजगारीमा पठाउन प्रतिबन्ध लगाएको छ । वैदेशिक रोजगारमा पठाउने काम गरेमा पीडितलाई बिगो र त्यसको ५० प्रतिशत हर्जना असुल गराई दोषीलाई ७ वर्षसम्म कैद गर्ने व्यवस्था भएपनि योजनाबद्ध ठगीका घटना सार्वजनिक भइरहेका छन् ।

## यूएईबाट पनि विदेशी कामदारको कोटा कटौती

**काठमाडौं/मस-** साउदी र मलेसियापछि यूएईले पनि आफ्नो मुलुकका कादारलाई रोजगारीमा प्राथमिकता दिने नीति लिएको छ । यस नीति अनुसार यूएईले आफ्नो मुलुकमा रहेका कम्पनीमा वार्षिक दुई प्रतिशतका दरले स्वदेशी कामदार थप गर्दै लैजानुपर्ने बाध्यकारी प्रबन्ध कार्यान्वयन शुरू गरेको छ । यूएईको द नेशनल न्यूजका अनुसार ५० जनाभन्दा बढी कामदार रहेका निजी कम्पनीहरूले समेत आगामी जुन ३० तारिखभित्र तोकिएको प्रतिशतमा स्थानीय नागरिकलाई रोजगार दिन निर्देशन दिएको छ ।

नयाँ व्यवस्थाअनुसार यूएईमा प्रत्येक ६-६ महिनामा कम्तीमा १ प्रतिशतले स्थानीय कामदार थप गर्दै लैजानु पर्नेछ । तोकिएको प्रतिशतमा स्थानीयलाई रोजगारीमा नलगाउने रोजगारदातालाई जरिवाना गरिने पनि उक्त सञ्चारसंस्थाले जनाएको छ । यूएई सरकारको नियमले विदेशी नागरिकको कोटा कटौती हुँदै जाने आंकलन गरिएको छ ।


## ROMANIA मा DELIVERY BOY हरूको लागि रोजगार

कम्पनी: HUMANITARIAN HUMAN RESOURCES SRL  शहर: BUCHAREST

पुर्व स्वीकृत मितिः २०७९/ १२/२०  चलानी नं.:६०२००७०६  L.T. No.: 283947

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब USD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Delivery Boy | 120 | 0 | स. काममा दक्ष | 550 | ७१,९१८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छैन | २ वर्ष |

नोट: Bio Data Complete Contact Details हुनुपर्नेछ ।
Candidates must have good communication skill is required.

यसै कम्पनीको लागि Cook, Waiter, Bartender, Cleaner र Kitchen Helper को पनि माग भई आएकोले नि:शुल्क परामर्शको लागि मेनपावर कार्यालयमा तुरुन्त सम्पर्क गर्नुहोला ।

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८० बैशाख २० गते (3 May 2023) मा हुनेछ ।
अन्तर्वार्ता पाथीभारा होटेल, इटहरी सुनसरीमा २०८० बैशाख २२ गते (5 May 2023) मा हुनेछ ।
अन्तर्वार्ता बाजेको सेकुवा, पोखरा कास्कीमा २०८० बैशाख २४ गते (7 May 2023) मा हुनेछ ।
अन्तर्वार्ता होटेल रेड कार्पेट, चितवन भरतपुरमा २०८० बैशाख २६ गते (9 May 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोंने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले व्यहोंने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदारले व्यहोंने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु ७०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

HUMANITARIAN HUMAN RESROUCES PVT. LTD.
Gov. Lic No. 1551/078/079

**Humanitarian Human Resources PVT. LTD.**
Dharapati-3 Maharajgunj, Kathmandu, Nepal.
Tel: +977-015912146/ 015912147, E-mail: document.humanitarianhr@yahoo.com
Kathmandu Contact No: 9813966530, 9816607803. Itahari Contact No: 9852046497/9808056550.
Pokhara Contact No: 061591040, 9802851906, 9802851907, 9802851908, 9802851909.
Chitwan Contact No: 9855050251, 9818518608, 9855054708.



## Europe मुलुकको Romania / Cyprus मा महिला तथा पुरुषहरूलाई बैदेशिक रोजगार

People House

Company: People House International SRL., Romania
पूर्व स्वीकृती मितिः २०७९/१०/१९  चलानी नं. ६०१९५९७५  LT.No. 280447

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब USD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Agriculture Worker | 25 | 0 | काममा दक्ष | 550 | ७२,३७६।- | क. नियम अनुसार | ८ घण्टा | ६ दिन | क. नियम अनुसार | छ | छ | १ वर्ष |
| २. | Hospitality Worker | 10 | 20 | | 600 | ७८,९५६।- | | | | | | | |
| ३. | Construction Worker | 25 | 0 | | 700 | ९२,११५।- | | | | | | | |
| ४. | General Worker | 20 | 0 | | 550 | ७२,३७६।- | | | | | | | |

Company: Orthodoxou Employment Bureau Ltd., Cyprus
पूर्व स्वीकृती मितिः २०७९/०८/०१  चलानी नं. ६०१९२०१९  LT.No. 276386

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब Euro | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Agriculture Worker/Labour | 02 | 02 | काममा दक्ष | 500 | ७२,६७१।- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |
| २. | Cook | 05 | 00 | | 800 | १,१६,२७३।- | | | | | | | |
| ३. | Domestic Worker | 00 | 05 | | 315 | ४५,७८२।- | | | | | | | |
| ४. | Waiters | 04 | 00 | | 787 | १,१४,३८४।- | | | | | | | |
| ५. | Waitresses | 00 | 04 | | 787 | १,१४,३८४।- | | | | | | | |
| ६. | Chambermaids | 00 | 03 | | 612 | ८८,९४९।- | | | | | | | |

Company: A.D. Home Serve (Domestic Employment Agency), Cyprus
पूर्व स्वीकृती मितिः २०७९/०९/२९  चलानी नं. ६०१९५००७  LT.No. 279419

| सि. नं. | कामदारको पद | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब Euro | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Bakery Worker | 02 | काममा दक्ष | 500 | ७२,६७१।- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ बर्ष |
| २. | Domestic Worker | 18 | | 314 | ४५,६३७।- | | | | | | | |

Company: De Lavoro Agency Ltd, Cyprus
पूर्व स्वीकृती मितिः २०७९/०९/२९  चलानी नं. ६०१९५००६  LT.No. 279420

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब Euro | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Cook | 02 | 00 | काममा दक्ष | 900 | १,३०,८०७।- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |
| २. | Domestic Worker | 00 | 12 | | 320 | ४६,५०९।- | | | | | | | |
| ३. | Labour | 02 | 00 | | 717 | १,०४,२१०।- | | | | | | | |
| ४. | Waiter | 04 | 00 | | 717 | १,०४,२१०।- | | | | | | | |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा वीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैंले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००।- कामदार आफैंले | रु. ७००।- कामदार आफैंले | रु. ६०,०००/- कामदार आफैंले |

अन्तरवार्ता २०८० बैशाख २१ गते (4 May, 2023) यस प्रा. लि. को कार्यालय बसुन्धारा, काठमाडौंमा हुनेछ ।

**बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफूसँग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग बुद्धनगर, नयाँबानेश्वरमा सम्पर्क राख्नुहोला ।

AAROHI HR Solutions Pvt. Ltd.
Govt. Lic. No: 1244/074/075
ISO 9001:2015 certified

**आरोही एच.आर. सोलुसन्स् प्रा.लि.**
Kathmandu Metropolitan-3, Basundhara Kathmandu Nepal
www.aarohihrsolutions.com  info@aarohiirsolutions.com
01-4961807, 4962925  9802067941, 9801081902

आवश्यकता
यस प्रा.लि. को लागि European मुलुक Croatia, Romania, Cyprus आदि देशको काम गरेको अनुभवी Public Relation Officer (PRO)- 6 (M/F) हरुको आवश्यकता भएकाले ईच्छुक व्यक्तिहरुले सम्पर्क गर्नुहोला ।

मध्यान्ह
www.madhyanhadaily.com
१४ वैशाख २०८०, बिहीबार
27 April 2023, Thursday

# विद्यार्थी अभाव हुन थालेपछि इस्मा गाउँपालिकाका विद्यालय समायोजन

**सुमन महतारा/मध्यान्ह**
गुल्मी, १३ वैशाख

गुल्मीको इस्मा गाउँपालिकामा विद्यार्थी अभाव भएपछि विद्यालयका तहहरू समायोजन गरिएको छ। विद्यार्थीको संख्या एकदमै कम हुने, शिक्षकको संख्या बढी हुने, आर्थिक भार बढ्दै जाने र विद्यालयको गुणस्तर घट्दै जाने लगायतका कारण विद्यालयका तह समायोजन गरिएको हो।

गाउँपालिकाको वडा नम्बर ६ अम्मरपुरमा रहेको गोविन्द रत्न कुँवर लोकतान्त्रिक आधारभूत विद्यालय हाल १७ लाखको आर्थिक भार, कक्षा ६ र ७ विद्यार्थीको संख्या क्रमश निकै कम र शिक्षकलाई तलव दिन नसकेपछि विद्यालय स्थलगत अध्ययन तथा अनुगमन कार्यादलले विद्यालय समायोजन गर्ने निर्णय गरेको हो।

प्राथमिक तह कायम राख्दै कक्षा ६ र ७ लाई मात्र समायोजन गरिएको कार्यदलका संयोजक ढाल बहादुर कुँवरले जानकारी दिए। बढीमा २० मिटर मात्रको दुरीमा अम्मरपुर औमप्रसाद गौतम माध्यमिक विद्यालय रहेकोले पनि विद्यालय समायोजनले अभिभावक तथा विद्यार्थीलाई कुनै असर नगर्ने संयोजक कुँवरले बताए।

कक्षा ६ र ७ हटाइएको गोविन्द रत्न कुँवर लोकतान्त्रिक आधारभूत विद्यालयमा हाल ८ शिक्षक छन्। २ प्राथमिक तह स्थायी, २ प्राथमिक तह राहत र चार निजी शिक्षक रहेको प्रधानाध्यापक टेकहरि पराजुलीले जानकारी दिए। उनका अनुसार २ स्थायी र २ राहत शिक्षक रहेपनि प्रधानाध्यापक निजी शिक्षक हुन्। केहि समय अगाडि तत्कालीन प्रधानाध्यापक मृत्युपछि आफुले चलाउँदै आएको पराजुलीले स्वीकार गरे। तत्कालिन प्रधानाध्यापक तिलक कुँवरले ३५ हजारका दरले तीन महिनाको तलब एक लाख ५ हजार पाउन बाँकी छ। तर, उनको तलब हालसम्म विद्यालयले दिएको छैन। गत असोज ५ गते श्रीमान् तिलकको मृत्यु भएपछि उनकी श्रीमती शान्त कुँवरले आफुले बारम्बार विद्यालयसँग माग गरेपनि तलब नपाएको गुनासो गरिन्। विद्यालयले भने बेरुजु आएको भन्दै तलब नदिएको बताउँदै आएको छ।



विद्यालयले निजी शिक्षकलाई डेढ वर्षदेखि तलब दिन नसकेको, हाल १७ लाख आर्थिक भार रहेको र यसअघिको शैक्षिक सत्रमा कक्षा ६ मा १० र कक्षा ७ मा १२ जना विद्यार्थी रहेको प्रधानाध्यापक टेकहरि पराजुलीले बताए। उनले विद्यालय समायोजनको असर अभिभावक र विद्यार्थीलाई पर्न नहुने बताए। यसो त यहाँ विद्यालय समायोजनले कसैलाई पनि असर गरेको देखिन्न। अंग्रेजी माध्यममा अध्ययन अध्यापक भएता पनि यहाँ यसको प्रभावकारिता भने कम देखिएको छ। नजिकै अर्को विद्यालय रहेकोले कक्षा ६ र ७ समायोजन गर्ने, प्राथमिक तहमा अध्ययन अध्यापक गुणस्तरीय बनाउने र आर्थिक भार कम गराउनको लागि समायोजनको निर्णय गरिएको इस्मा गाउँपालिका शिक्षा शाखा प्रमुख लाल बहादुर कुँवरले बताए।

इस्मा गाउँपालिका विद्यालय स्थलगत अध्ययन तथा अनुगमन कार्यदलका संयोजक कुँवरले विद्यार्थीको अभावका कारण गाउँपालिकाका ७ वटा विद्यालयको तह समायोजन गरिएको बताए। उनका अनुसार वडा नम्बर १ को बालकक्षा राख्ने गरी जुकेपानी आधारभूत विद्यालय, वडा नम्बर २ को नमुना आधारभूत विद्यालयको कक्षा ४ र ५ गरि दुई तह, वडा नम्बर ३ को दर्लामचौर आधारभूत विद्यालयमा कक्षा ३ सम्म चल्ने गरि समायोजन गरिएको छ।

वडा नम्बर ४ को नेपाल राष्ट्रिय आवसीय आधारभूत विद्यालयमा बालकक्षा राख्ने गरी समायोजन गरिएको, वडा नम्बर ५ को भगवती आधारभूत विद्यालयमा बालकक्षा राख्ने गरी समायोजन गरिएको, वडा नम्बर ५ मा रहेको खड्क आधारभूत विद्यालयमा बालकक्षा राख्ने गरी समायोजन गरिएको र वडा नम्बर ६ मा रहेको गोविन्द रत्न कुँवर लोकतान्त्रिक आधारभूत विद्यालयमा समायोजन गरिएको हो।

# संसदीय सुनुवाइ समितिका लागि तीन सांसद चयन



**काठमाडौं/मस**–राष्ट्रिय सभाबाट संसदीय सुनुवाइ समितिका लागि तीन सांसद चयन भएका छन्।

राष्ट्रिय सभाको बुधबारको बैठकले सांसदहरू जगप्रसाद शर्मा, देवेन्द्र दाहाल र रमेशजंग रायमाझीलाई मनोनीत गरेको हो।

संघीय संसद्को संयुक्त बैठक र संयुक्त समिति (कार्यसञ्चालन) नियमावली, २०७५ को नियम २५ को उपनियम २ बमोजिम संसदीय सुनुवाइ समितिमा उनीहरूलाई मनोनीत गर्न राष्ट्रिय सभा अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले सिफारिश गरेका थिए। अध्यक्ष तिमिल्सिनाले गरेको मनोनयन सिफारिश प्रस्तावलाई राष्ट्रिय सभाले सहमति दिएको हो।

प्रधानन्यायाधीश, सर्वोच्च अदालतका न्यायाधीश, न्याय परिषद्का सदस्य, संवैधानिक निकायका प्रमुख वा पदाधिकारी र राजदूतका लागि प्रस्ताव गरिएका नाममा सुनुवाइका लागि संसदीय समिति रहने व्यवस्था छ।

समितिमा प्रतिनिधि सभाको सहमति लिई सभामुखले मनोनीत गरेका प्रतिनिधि सभाका १२ जना र राष्ट्रिय सभाको सहमति लिई अध्यक्षले मनोनीत गरेका राष्ट्रिय सभाका तीन जना गरी कुल १५ जना सदस्य रहने व्यवस्था छ। समितिको सभापति सदस्यमध्येबाट एक जना चयन हुने व्यवस्था छ।

# रक्तदाताहरुलाई उत्प्रेरित गर्न आह्वान

**पवन जायसवाल/मध्यान्ह**
कोहलपुर, १३ वैशाख



कोहलपुरमा रहेका स्वयम्सेवी रक्तदाताहरुले नेपाल स्वयम्सेवी रक्तदाता समाज गठन गर्न पहल गरेका छन्।

स्वयम्सेवी रक्तदाता तथा स्थानीय नागरिक समाजका अगुवा चिन्तामणी धितालको संयोजकत्वमा बुधबार सम्पन्न भेलाले नेपाल स्वयम्सेवी रक्तदाता समाज गठन गर्न पहल शुरु गरेको हो।

नेपाल स्वयम्सेवी रक्तदाता समाज बाँकेकी अध्यक्ष दिला शाहको विशेष उपस्थिति र चिन्तामणी धितालको अध्यक्षतामा सम्पन्न उक्त भेलाले निकट भविष्यमा कोहलपुर नगर क्षेत्रका स्वयम्सेवी रक्तदाताहरुको भेलाको आयोजना गरेर कोहलपुर नगरपालिका स्तरीय नेपाल स्वयम्सेवी रक्तदाता समाज गठन गर्न धितालकै संयोजकत्वमा सात सदस्यीय तयारी समिति गठन गरिएको छ।

समितिमा जयश्वर पौडेल, दिपा बस्नेत, लक्ष्मण राज पौडेल, दिनेश सिग्देल, जगत रामदान र गोविन्द वाग्ले सदस्य रहेका छन्।

भेलामा नेपाल स्वयम्सेवी रक्तदाता समाजको पृष्ठभूमि र मानव जीवनमा रक्तदानको महत्वका बारेमा प्रकाश पार्दै समाजका सल्लाहकार पूर्ण लाल चुकेले सबै स्वयम्सेवी रक्तदाताहरुलाई संगठित भएर रक्तदान महादानको अभियानलाई साकार पार्न आग्रह गरेका थिए। हाम्रो एक पिन्ट रगतले रगत नपाएर छट्पटिएका कुनै एक बिरामीले नयाँ जीवन पाउँछ भने हामीले आफ्नो शरीरबाट खेर गइरहेको रगत दिन अरुलाई पनि उत्प्रेरित गर्न उनले सबैलाई अनुरोध गरे।

सो अवसरमा नेपाल स्वयम्सेवी रक्तदाता समाज बाँकेकी अध्यक्ष दिला शाहले यो उत्कृष्ठ मानव सेवाका लागि सबै रक्तदाताहरुलाई समाजसँग जोडिएर हातेमालो गरेर यो महान अभियानमा सहभागी हुन आह्वान गरेकी थिइन्।

भेलामा कोहलपुर उद्योग व्यापार संघका अध्यक्ष लक्ष्मण राज पौडेल, लायन्स क्लव अफ कोहलपुरका अध्यक्ष सन्दीप आचार्य, नेपाल रेडक्रस सोसाइटी कोहलपुर उपशाखाका अध्यक्ष दिनेश सिग्देल, नेपाल स्वयम्सेवी रक्तदाता समाज बाँकेका कोषाध्यक्ष मनमोहन वर्मा र समाजका सदस्य होमराज गिरी लगायत करिब दुई दर्जन रक्तदाताहरुको सहभागिता रहेको थियो।

# मिटरब्याजीको गैरकानूनी सम्पत्तिको स्रोत खोजिने



**काठमाडौं/मस**–उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठले शान्ति सुरक्षाको प्रत्याभूति गर्न पूर्ण रुपमा प्रतिबद्ध रहेको र त्यसमा कुनै पनि कमी हुन नदिने दृढता व्यक्त गरेका छन्।

प्रतिनिधिसभाको बुधबारको बैठकमा सभामुखसँग समय लिएर बोल्दै उपप्रधानमन्त्री श्रेष्ठले शान्ति सुरक्षा खलबल्याउने काममा संलग्न जो कोहीलाई पनि कानूनी दायरामा ल्याउने बताए।

उपप्रधानमन्त्री श्रेष्ठले काठमाडौंको कपनमा भाडा पसल गर्दै आएकी निरा पाण्डेको हत्याको अनुसन्धानको प्रक्रियालाई गम्भीर रुपमा अगाडि बढाइएको र सत्यतथ्य पत्ता लगाई दोषीलाई कानूनको कठघरामा ल्याउन कुनै पनि कसर बाँकी नराखिने बताए।

गृहमन्त्री श्रेष्ठले मिटरब्याजी पीडितको समस्या समाधानका लागि सरकारले कानून निर्माणको कामलाई युद्धस्तरमा अगाडि बढाएको पनि जानकारी दिए। पीडितसँगको सहमतिअनुसार नै सरकारले छिट्टै विधेयक ल्याउने र यो समस्यालाई सदाका लागि समाधान गर्ने विश्वास दिलाए। उनले गैरकानूनी रुपमा कोही कसैको चलअचल सम्पत्ति कब्जा गर्न नपाइने उल्लेख गर्दै सरकारले गठन गरेको आयोगले हरेक पीडितको बारेमा जानकारी राखेर आवश्यक कारबाही अगाडि बढाउने बताए।

मिटरब्याजीको गैरकानूनी सम्पत्तिको स्रोत खोजिने र सम्पत्ति शुद्धीकरण कानूनअनुसार पनि छानबिन गरिने उल्लेख गर्दै उपप्रधानमन्त्री श्रेष्ठले सामन्तवादको अवशेषको रुपमा रहेको यो समस्यालाई यस पटक हर हालतमा समाधान गरेरै छाडिने दृढता व्यक्त गरे।

उनले सामाजिक न्यायसहितको प्रक्रियालाई अगाडि बढाउन र सहज रुपमा गरिब तथा आर्थिक रुपमा कमजोर वर्गले ऋण लिन पाउने एवं आर्थिक गतिविधि गर्ने वातावरण बनाउनुपर्नेमा जोड दिए। केही दिन पहिले मिटरब्याज पीडितमाथि प्रहरीले बल प्रयोग गर्दा केही आन्दोलनकारी घाइते भएको घटनाप्रति उनले दुःख व्यक्त गरे।

नागरिकताविहीन नागरिकलाई सहज रुपमा नागरिकता उपलब्ध गराउने काममा कुनै ढिलाइ नगर्ने बताए। उनले नागरिकताका विषयमा सिङ्गो देश र सदन एकमत हुनुपर्नेमा जोड दिए। गृहमन्त्री श्रेष्ठले यस विषयमा मतैक्य हुनुपर्ने र राष्ट्रिय सहमति कायम गर्नुपर्ने धारणा राखे। शान्ति प्रक्रियाको बाँकी कामलाई पूर्णता दिन सरकार प्रतिबद्ध रहेको र त्यसका लागि आवश्यक पहल गरिरहेको उनले जानकारी दिए।

# १३ डीआईजीको पदस्थापन



**काठमाडौं/मस**–प्रहरी प्रधान कार्यालय, नक्सालले १३ जना प्रहरी नायब महानिरीक्षक (डीआईजी) को पदस्थापन गरेको छ। जसअनुसार त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल सुरक्षा कार्यालयको जिम्मेवारी अर्जुन चन्द ठकुरीले पाएका छन्। डीआईजी कुवेर कडायतले प्रहरी महानिरीक्षकको सचिवालय हेर्ने जिम्मेवारी पाएका छन्। उनीले केन्द्रीय प्रहरी प्रवक्ताको जिम्मा पनि सम्हाल्नेछन्। यस्तै केदार ढकाल आर्थिक प्रशासन तथा प्रबन्ध निर्देशनालय, विष्णुकुमार केसी अन्वेषण तथा योजना निर्देशनालय, भरतबहादुर बोहरा सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालय र रवीन्द्र केसीले प्रहरी प्रशिक्षण प्रतिष्ठानको जिम्मेवारी पाएका छन्।

राजेशनाथ बाँस्तोलाले कोशी प्रदेश प्रहरी कार्यालय, चन्द्रकुवेर खापुङले अख्तियार दुरुपयोग अनुसन्धान आयोग, जनकराज भट्टराईले मधेश प्रदेश प्रहरी कार्यालय र लालमणि आचार्यले काठमाडौं उपत्यका प्रहरी कार्यालयको जिम्मा पाएका छन्।

## यार्सागुम्बा टिप्न हिमाली भेगतर्फ मनाङवासी

**नविन अंकुर/मध्यान्ह**
मनाङ, १३ वैशाख

यार्सागुम्बा संकलनका लागि मनाङवासी यतिबेला लेकतर्फ लागेका छन्। आम्दानीको स्रोतका रुपमा रहेको औषधिजन्य जडीबुटी यार्सागुम्बा संकलनका लागि उनीहरु जिल्लाका विभिन्न ठाउँ पुगेका हुन्। मौसम अनुकूल भएसँगै मनाङवासी यार्सागुम्बा संकलनमा व्यस्त हुन थालेका छन्। मनाङवासीको आयस्रोत कृषि तथा जंगली औषधिजन्य जडीबुटी हो। जडीबुटी संकलनका लागि नासों गाउँपालिकाअन्तर्गत पहिलो चरणमा यार्सागुम्बा टिप्न नाम्के खर्क मनाङवासी पुगेका छन्।

यससँगै माथिल्लो मनाङअन्तर्गत खाङ्सारखर्क र नारफुखर्क पुगेर मौसम र समयका आधारमा यार्सागुम्बा टिप्नने गरेको स्थानीय बताउँछन्। चामे गाउँपालिका-४ जगबहादुर गुरुङ भन्छन्, 'हिले उपयुक्त मौसम भएकाले यार्सागुम्बा टिप्न लेकतर्फ जाँदै छौँ।' जडीबुटी संकलनका लागि अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) इलाका कार्यालय मनाङको बैठकले यार्सागुम्बा संकलन गर्न इजाजत प्राप्त भएपछि समितिमार्फत पूर्जी दिने निर्णय गरिएको थियो।

बैठकको निर्णयबमोजिम नै यार्सागुम्बा सङ्कलन गर्न पाउने भएपछि मनाङवासीलाई चटारो छ। जडीबुटी संकलन मनाङवासीको मुख्य आयस्रोत मानिन्छ। यार्सा संकलनका लागि जिल्लावासी मात्रै नभएर बाहिरी जिल्लाबाट पनि यहाँ आउने गर्दछन्। प्रमुख जिल्ला अधिकारी सुप्रभा खनाल ढुंगेलले यार्सागुम्बा संकलकको सुरक्षाका लागि आवश्यक व्यवस्था गरिएको बताइन्। नाम्के खर्कबाट यार्सागुम्बा संकलन थालिएको छ। नारफु र माथिल्लो मनाङको खाङ्सार खर्कमा पनि यार्सा संकलन गर्न सकिने अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) ईलाका कार्यालय मनाङका प्रमुख लेखनाथ गौतमले जानकारी दिए।

# देउवाको गृहजिल्लामा घण्टी समर्थकको विजय उत्सव

**दिपकराज भट्ट/मध्यान्ह**
डडेल्धुरा, १३ वैशाख



पूर्व प्रधानमन्त्री एवम् नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाको गृह जिल्ला डडेल्धुरामा चितवनमा २ मा रवि लामिछानेले जितेको भन्दै खुसीयाली मनाइएको छ।राष्ट्रिय स्वतन्त्र पार्टी तथा परिवर्तनका पक्षधरहरुले चितवनमा भएको उपनिर्वाचनमा विजयी बनेका रवि लामिछानेको पक्षमा नाराबाजी लगाउँदै मोटरसाइकल र्‍याली निकालेका थिए। उनीहरुले जिल्ला सदरमुकामको बसपार्कदेखि तुफानडाँडासम्म र्‍याली निकालेका थिए।प्रतिनिधिसभा सदस्य उपनिर्वाचनअन्तर्गत चितवन क्षेत्र नम्बर-२ बाट राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछाने ४२ हजार ९६२ मतान्तरले विजयी भइसकेका छन्।

लामिछाने ५४ हजार १७६ मत ल्याएर विजयी भएका थिए। दोस्रो स्थानमा रहेका नेपाली कांग्रेसका उम्मेदवार जीतनारायण श्रेष्ठले ११ हजार २१४ मत पाए। नेकपा (एमाले)का उमेदवार रामप्रसाद न्यौपाने १० हजार ९३६ मतसहित तेस्रो स्थानमा रहेका छन्। गएको मंसिर ४ गते भएको निर्वाचनमा त्यहाँबाट लामिछाने नै निर्वाचित भएका थिए। नागरिकता प्रकरणमा उनले पद गुमाएपछि रिक्त स्थानका लागि उपनिर्वाचन भएको हो।

## सिकेले...

मधेशको पहिचान दिलाउने नेताका रूपमा परिचित छन्। राउतले मधेशको मुख्य शक्तिलाई नै सबैभन्दा ठूलो धक्का दिने गरी अघि बढेका छन्।

प्रमुख राजनीतिक दलका नेताहरुले उपचुनावको मतपरिणामले दलभित्र उठ्दै आएको रूपान्तरणको आवाजलाई सहयोग पुर्‍याएको प्रतिक्रिया दिएका छन्। तनहुँ, चितवन र बारामा भएको उपचुनावको नतिजापछि उनीहरुले संविधान र कानून मानेर स्वस्थ प्रतिस्पर्धाका आधारमा जनमत र राष्ट्रिय स्वतन्त्र पार्टीले प्राप्त गरेको नतिजालाई कुनै चमत्कारका रुपमा हेरिन नहुने तर्क पनि गरेका छन्।

## संसद ...

मोर्चाबीच प्रतिस्पर्धा थियो। सत्तागठबन्धनबाट माओवादीका शिवचन्द्रप्रसाद कुशवाहा र विपक्षी गठबन्धन जसपाका रामसहायप्रसाद यादव उम्मेदवार थिए। प्रत्यक्षतर्फ जसपाका रामसहाय प्रसाद यादवले १३ हजार आठ सय २२ र त्यसबेला माओवादीका उम्मेदवार कुशवाहाले १३ हजार चार सय ६८ मत ल्याएका थिए। कुशवाहा उपचुनाव अघि चैत १५ मा माओवादी छाडेर सिके राउत नेतृत्वको जनमत पार्टी प्रवेश गरे। उपचुनावमा बारा-२ मा माओवादीले आफ्नो पार्टीबाट उम्मेदवार नउठाएर जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्रलाई समर्थन गर्ने निर्णय गरेपछि पार्टी छोड्न बाध्य भएको कुशवाहाले बताएका थिए।

## धरहरा...

सञ्चालनमा आउन सकेको छैन। गत वर्षको भदौ ११ गते पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले उद्घाटन गरेको सम्मेलन केन्द्र हालसम्म सञ्चालनमा आउन नसकेको हो। सरकारले आफैं सञ्चालनको जिम्मा लिँदा व्यवस्थापन समस्या देखिने भएकाले समितिले निजी क्षेत्रलाई लिजमा दिने गरी कार्यविधिमा व्यवस्था गरिएको छ, सायद कार्यविधि छिट्टै स्वीकृत भएर आउँछ' प्रदर्शनी केन्द्र निर्माण कार्यान्वयन एकाइका आयोजना प्रमुख धर्मेन्द्र पन्थीले भने। उनले आवश्यक कार्यविधि निर्माणमा भएको ढिलाईले पूर्ण रुपमा सञ्चालनमा नआएको दाबी गरेका हुन्। २९ सय जना अटाउन सक्ने क्षमता भएको उक्त हल साढे ६ बिघा जमिनमा फैलिएको छ। लामो सययको प्रयासपछि निर्माण सम्पन्न भएको उक्त केन्द्र सञ्चालनमा नआएको भन्दै आलोचना भइरहेको छ।

### महिनौंसम्म पनि सञ्चालनमा आएन बाराको मालपोत कार्यालय

घरदैलो मै सेवा दिने उद्देश्य अनुरुप बाराको सिम्रौनगढमा स्थापना गरिएको मालपोत कार्यालय महिनौं बित्दा सञ्चालनमा आउन सकेको छैन। साविकका २८ वटा गाविसका नागरिकलाई छिटो छरितो सेवा दिन स्थापना भएको कार्यालय हालसम्म सञ्चालनमा नआउँदा नागरिकले सास्ती भोग्नु परेको छ।

सस्तो लोकप्रियताका लागि प्रधानमन्त्री तथा मन्त्रीहरुले भौतिक संरचनाहरुको शिलान्यास र उद्घाटन धमाधम गरेपनि धेरै संरचना भने सञ्चालनमा आउन सकेका छैनन्। कतिपय शिलान्यासको दशकौंसम्म निर्माण सम्पन्न हुँदैनन् भने कतिपय उद्घाटनको वर्षौसम्म पनि सञ्चालनमा आउन सक्दैँनन्। कहिले कार्यविधिको अभाव देखाएर त कहिले विभिन्न विवाद देखाएर बनिसकेका संरचना समेत सञ्चालनमा नआउदा आलोचना स्वभाविक रुपमा हुने गरेकोमा अन्यथा मान्न सकिन्न।


## राहदानी हरायो

मिति २०७९/१२/०५ गते बल्खुबाट कालिमाटी सम्म जाँदा मेरो निम्न व्यहोराको राहदानी हराएकोले पाउनुहने महानुभावहरुले तलको ठेगानामा वा नजिकको प्रहरी चौकीमा खबर गरिदिनुहुन अनुरोध छ।


नाम: Alip Khan
ठेगाना: Tansen, Palpa
पासपोर्ट नं.: 07742758

## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७८/०१/१४ मा दर्ता भएको **प्रा.लि.नं. २६३३५७** को **ल्याबरानि स्टुडियो प्रा.लि.**को मिति २०८०/०१/१३ को संचाकल समितिको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।

**लिक्वीडेटर: रोशन कुमार बजिमय,** **ईजाजत प्र.प.नं. २२१**
**ठेगाना: त्रिपुरेश्वर, काठमाडौं** **मोवाईल नं. ९८४१३६९७७१**

## हार्दिक श्रद्धाञ्जली



जन्म मिति:
वि.स. १९८१

स्वर्गारोहण:
वि.स. २०८०/०१/०२

**स्वर्गीय फुल कुमारी श्रेष्ठ**

हाम्रा शुभेच्छुक, सहयोगी ड्रिम रिकुट्रिङ सर्भिस प्रा.लि.का संचालक श्री राजीव मान श्रेष्ठका पूजनीय माता **फुल कुमारी श्रेष्ठ**को असामयिक स्वर्गारोहण भएको १३औं दिनको पूण्यतिथिमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै यस दुःखद् घडीमा शोकाकुल परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दछौं।

**सीतादेवी श्रेष्ठ**
प्रकाशक

**मदनकुमार श्रेष्ठ**
सम्पादक

तथा
मध्यान्ह दैनिक
परिवार

## तु-आवश्यकता

यस म्यानपावर कम्पनीको लागि निम्न कर्मचारीहरु आवश्यकता परेकोले योग्य व्यक्तिहरुले आफ्नो बायोडाटा (CV) सहित यथासिघ्र सम्पर्क गर्नुहोला।

**Documentation Officer** -2 (Male/Female)
**PRO** -3 (Male/Female)
**Receptionist** -2 (Female)

SALARY Negotiable

योग्यता: PRO को लागि सम्बन्धित काममा अनुभव भएकालाई विशेष प्राथमिकता दिइनेछ। Documentation को लागि Photoshop सम्बन्धी ज्ञान भएको, सम्बन्धित काममा २ देखि ३ बर्ष अनुभवीलाई विशेष प्राथमिकता दिनइनेछ। Receptionist को लागि +2 Pass का साथै अंग्रेजी भाषा राम्रो सँग बोल्न र लेख्न सक्नुपर्नेछ।

9841449563

(डि.के. रिभर ओभरसिज प्रा.लि.)
**DK River Overseas (P.) Ltd.**
(Govt.Lic. No. 1102/073/074
Tokha-9, Gongabu, Kathmandu, Nepal
Tel: 4980932 | 4982214 | 4955132
Mob: 9851219532 | 9841449563, Email: dkriverhr@gmail.com

# दश प्रतिशत शय्या गरिब बिरामीलाई छुट्याइने

**मध्यान्ह संवाददाता**
काठमाडौं, १३ वैशाख



स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सबै स्वास्थ्य संस्थालाई कूल शय्याको १० प्रतिशत शय्या गरिबीलाई निःशुल्क उपचारका लागि छुट्याउन निर्देशन दिएको छ।

मन्त्रालयका उपसचिव एकदेव खनालले बुधबार सबै सरकारी, निजी, सामुदायिक अस्पताल, प्रतिष्ठान तथा मेडिकल कलेजलाई आज परिपत्र जारी गरी विपन्न, असहाय, बेवारिसे बिरामीका लागि कूल शय्याको दश प्रतिशत शय्या छुट्याई निःशुल्क उपचार सेवा उपलब्ध गराउन निर्देशन दिएका हुन्।

मन्त्रालयले स्वास्थ्य संस्था सञ्चालनसम्बन्धी मापदण्ड, २०७७ को दफा ७० (घ) मा अस्पतालमा उपचारका लागि आउने विपन्न, असहाय र बेवारिसे बिरामीका लागि निःशुल्क उपचार सेवा उपलब्ध गराउनुपर्ने भएको व्यवस्थाअनुसार १० प्रतिशत शय्या छुट्याई निःशुल्क उपचार गर्नुपर्ने उल्लेख छ।

मन्त्रालयले केही दिनअघि गरेको अनुगमनमा धेरै अस्पतालले कूल शय्याको १० प्रतिशत शय्या नछुट्याएको पाइएको थियो। यस्तै अस्पतालमा कार्यरत जनशक्तिलाई पनि न्यूनतम तलब दिएको पाइएको उल्लेख गर्दै पूर्ण तलब दिनसमेत परिपत्रमा निर्देशन दिइएको छ। मन्त्रालयले अनुगमनका क्रममा स्वास्थ्य संस्थाले सवारी साधन पार्किङको शुल्क उठाएको पाइएको जनाउँदै पार्किङ शुल्क नउठाउन निर्देशन दिएको हो। मन्त्रालयले परिपत्रमा उल्लेख गरिएका कुरा लागू नगरे कारबाहीसमेत गर्ने स्वास्थ्य संस्थालाई जनाएको छ।

# सिकाईलाई उपलब्धिमूलक बनाउन तालिम

**गोमती पाल/मध्यान्ह**
महेन्द्रनगर, १३ वैशाख



बेदकोट नगरपालिका २ जडेपानीस्थित बैजनाथ माध्यमिक विद्यालयमा शिक्षक कर्मचारीहरुका लागि सूचना प्रविधि तथा पाठ्यक्रम प्रवोधिकरण तालिम सञ्चालन गरिएको छ।

बेदकोट नगरपालिका २ का वडाअध्यक्ष नरेश बहादुर सिंहको प्रमुख आतिथ्यमा तालिमको उद्घाटन गरिएको हो।

सात दिनसम्म चल्ने तालिममा विद्यालयका ३३ शिक्षक कर्मचारीहरुको सहभागिता रहेको छ। विद्यालय व्यवस्थापन समितिका अध्यक्ष कृपाराम रानाको अध्यक्षतामा गरिएको कार्यक्रममा बेदकोट नगरपालिका शिक्षा शाखा प्रमुख मन्जु थापा लगायतले मन्तव्य राखेका थिए।

तालिममा सात जना सहजकर्ता छन्। शिक्षक कर्मचारीलाई नयाँ पाठ्यक्रम सम्बन्धी जानकारी गराउने, त्यसलाई कसरी सूचना प्रविधिसँग जोडेर सिकाई उपलब्धि हासिल गर्ने लक्ष्य राखेर तालिम सञ्चालन गरिएको विद्यालयका प्रधानाध्यापक थिरेन्द्रचन्द्र भट्टले बताए। 'कक्षा १ देखि १० सम्म नयाँ पाठ्यक्रम लागू भएको छ, त्यसबारे शिक्षक कर्मचारीलाई जानकारी गराउने, मूल्यांकन गर्ने र त्यसलाई सूचना प्रविधिसँग कसरी जोडेर सिकाई उपलब्धि हासिल गर्ने भन्ने उद्देश्य तालिमको हो' उनले भने। कार्यक्रममा उनले तालिमको औचित्यमाथि प्रकाश पार्दै सहभागी सबैलाई स्वागत गरेका थिए।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**हकदावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०६७/११/१९ मा दर्ता भएको **प्रा.लि. नं. ८११८०** को **अथेन्टिक नेपाल ट्राभल एण्ड टुर्स प्रा.लि.**नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७७/०९/१९ मा दर्ता भएको **प्रा.लि.नं. २५१८९०/०७७/०७८** को **बयरघारी भिरकोट कन्स्ट्रक्सन एण्ड सप्लायर्स सेवा प्रा.लि.**को मिति २०८०/०१/१३ को विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।
**लिक्वीडेटरः श्रवण कुमार श्रेष्ठ, इजाजत पत्र नं. ४०४,**
**ठेगानाः बबरमहल, काठमाडौं, फोन नं. ९८५१२१७००४**

# नेपालमा पहिलो पटक श्रीमहागणपति विराट महायज्ञ



**काठमाडौं/मस–** स्वआत्मनिर्भर नेपालको निर्माण, आर्थिक उन्नति एवं औद्योगिक क्रान्तिका लागि अनन्तश्री विभूषित महामण्डलेश्वर स्वामी श्रीप्रखर जी महाराजको सान्निध्यमा तथा मारवाड़ी सेवा समिति नेपालको तत्वावधानमा नेपालमा प्रथम पटक आयोजित श्रीअयुतचण्डी एवं श्रीमहागणपति विराट महायज्ञको शुभारम्भ भएको छ।

फागुन २७ गतेबाट शुरु भएको यस महायज्ञको निरन्तरता स्वरूप स्वामी श्रीप्रखरजी महाराजको सत्सङ्कल्पमा वैशाख १० गते अक्षय तृतीयाका दिन उपराष्ट्रपति रामसहायप्रसाद यादवको प्रमुख आतिथ्यतामा तथा उपप्रधान एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठको विशिष्ट आतिथ्यता रसंस्कृति पर्यटन तथा नागरिक उड्डयन राज्यमन्त्री सुशिला सिर्पाली ठकुरीको विशेष आतिथ्यतामा समुद्घाटन भएको छ।

श्रीअयुतचण्डी एवं श्रीमहागणपति विराट महायज्ञ आयोजक समिति एवं मारवाडी सेवा समिति नेपालका अध्यक्ष कैलाशचन्द्र गोयलको सभापतित्वमा भएको समुद्घाटन कार्यक्रममा महायज्ञमा तीन सयभन्दा धेरै विद्वान् ब्राह्मणको सहभागिता रहने, कर्मनिष्ठ विद्वान् ब्राह्मणहरूद्वारा यज्ञ अवधिभरिमा दश हजार (१०,०००) श्रीदुर्गासप्तशती पाठ र चालीस हजार (४०,०००) श्रीगणपति अथर्वशीर्ष पाठ गरिने, १००० श्रीदुर्गासप्तशती पाठ तथा ४००० श्रीगणपति अथर्वशीर्ष पाठद्वारा एक सय (१००) कुण्डमा दशांश हवन, तर्पण, मार्जन गरिने, प्रतिदिन प्रत्येक कुण्डमा एक यजमान दम्पति गरी एक सय यजमान दम्पतिको सहभागिता रहने र महायज्ञमा जम्मा एक करोड दशलाख दुर्गासप्तशती मन्त्र र एक लाख त्रिचालीस हजार श्रीगणेश मन्त्रको प्रयोग हुने बताउँदै श्रीप्रखरजी महाराजको सत्सङ्कल्पमा संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्री सुदन किरातीको उपस्थितिमा गत फागुन २७ गते भूमिपूजन एवं मण्डप निर्माण, गौरीगणेश पूजन, प्रधान संकल्पपूर्वक आभ्युदयिक श्राद्ध, नवग्रहपूजा, मातृका पूजासहित शुभारम्भ भई फागुन २८ गते पञ्चमी तिथीबाट प्रतिदिन श्री दुर्गासप्तशती, श्री गणेश अथर्वशीर्ष, श्रीसूक्त आदिको नित्य निरन्तर पाठ पारायण भइरहेको जानकारी गराए। सो कार्यक्रममा वास्तुविद एवं यजमानहरुका प्रमुख डा.वासुदेवकृष्ण शास्त्रीले यज्ञको विशेषताबारे प्रकाश पारेका थिए। नेपाल नेपालीप्रति अगाध माया गर्ने हुने सुशील कोइराला श्रीप्रखर क्यान्सर अस्पतालका निर्माता स्वामी श्रीप्रखरजी महाराजले आर्शीवचन प्रदान गरेका थिए।

कार्यक्रमका प्रमुख अतिथि उपराष्ट्रपति यादव, विशिष्ट अतिथि उपप्रधान एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठ र विशेष अतिथि माननीय संस्कृति पर्यटन तथा नागरिक उड्डयन राज्यमन्त्री श्री सुशिला सिर्पाली ठकुरीले सम्बोधन गर्दै मारवाडी सेवा समिति नेपालको तत्वावधानमा नेपालमा प्रथम पटक आयोजना भएको श्रीअयुतचण्डी एवं श्रीमहागणपति विराट महायज्ञको प्रशंसा गरे। उनीहरुले देशको आर्थिक, व्यवसायिक एवं औद्योगिक क्षेत्रमा महत्वपूर्ण योगदान गर्दै आएको मारवाडी समाजको संस्थाबाट भएको यस कार्यबाट देशको पर्यटन, धर्म संस्कृतिको संरक्षण एवं विकासमा महत्वपूर्ण टेवा पुग्ने विश्वास व्यक्त गर्दै महायज्ञको पूर्ण सफलताको लागि शुभकामना दिए।

कार्यक्रममा उपस्थित व्यक्तिहरुलाई आयोजक समिति एवं मारवाडी सेवा समिति नेपालका महासचिव प्रमोदकुमार अग्रवालले धन्यवाद व्यक्त गरेका थिए। कार्यक्रमको संचालन गौशाला धर्मशालाका उपाध्यक्ष एवं महायज्ञ आयोजक समितिका सदस्य रमेश तापडियाले गरेका थिए।

## बिजुलीको नांगो तार छोड्दा करेन्ट लागेर साँढेको मृत्यु

**पिन्टु यादव/मध्यान्ह**
सप्तरी, १३ वैशाख

मानिसहरुले जथाभावी करेन्ट छोड्दा चौपायाहरु दुर्घटनामा पर्ने गरेका छन्। बारम्बार यस्ता घटना सार्वजनिक भइरहेपनि न्यूनीकरणका लागि कसैको ध्यान जान सकेको छैन। सप्तरीको महादेवा गाउँपालिका वडा नं ३ बथनाहास्थित एक किसानको लापरबाहीका कारण साँढेको मृत्यु भएको छ।

बुधबार राति सोही ठाउँका मो. सरिफले आफ्नो मकैबारीमा सिंचाइका लागि राखेको नाङ्गो बिजुलीको तारमा परेर करेन्ट लाग्दा साँढेको मृत्यु भएको हो। रातिको समयमा गाईबस्तु र छाडा पशु चौपायालाई मकैबारीमा प्रवेशमा रोक्न बिजुलीको नाङ्गो तार राख्दा पनि यस्ता दुर्घटना हुने गरेको छ।

सो घटनाको खबर पाउनसाथ प्रहरी चौकी डिमनबाट खटिएको प्रहरी टोलीले दुर्घटनाबारे अनुसन्धान गरिरहेको छ। अनुसन्धानका लागि मो.सरिफलाई नियन्त्रणमा लिइएको प्रहरीले जानकारी दिएको छ।

**भावपूर्ण श्रद्धाञ्जली**



जन्म मितिः वि.सं. १९८१
स्वर्गारोहणः वि.सं. २०८०/०१/०२

**स्वर्गीय फुल कुमारी श्रेष्ठ**

यस संस्थाका संचालक श्री राजीव मान श्रेष्ठका पूजनीय माता **फुल कुमारी श्रेष्ठ**को असामयिक स्वर्गारोहण भएको आज १३ औं दिनको पूण्यतिथिमा उहाँको आत्माको बैकुण्ठ बास होस् भनी भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछौं। साथै यस दुःखद् घडीमा सोक सन्तप्त परिवारजनमा धैर्य धारण गर्ने शक्ति प्राप्त होस् भनी ईश्वर सँग प्रार्थना गर्दछौं।

**पंकज कोईराला**
(अध्यक्ष)
**Dream Recruiting Service Pvt. Ltd.**
तथा परिवार
**कोटेश्वर-३२, काठमाडौं**

**VACANCY ANNOUNCEMENT**

A Reputed Manpower Recruitment Company based in Kathmandu is seeking applications from deserved applicants for the following positions:-

**ACCOUNTANT : 1 (F)**
**DOCUMENTATION : 1 (F)**
**RECEPTIONIST : 1 (F)**

SALARY Negotiable

Experience minimum 2 years worked in manpower. Interview will be held on April 27 to May 5

Send us your CV:
E-mail : info@kantipuroverseas.com
kantipurovs@gmail.com

01-4360615
01-4391616

श्रम इजाजत पत्र नं.: १६७/०५६/०५७

**KANTIPUR OVERSEAS SERVICES PVT.LTD.**

सामाखुसी, काठमाडौं, नेपाल
Mob: 9851011542 | 9851228841

## Triyuga Municipality
## Office of the Municipal Executive

**Gaighat, Udayapur**
**Koshi Province, Nepal**

### Invitation for Online Bids

**Date of Publication: 27 April 2023**

Triyuga Municipality, Office of the Municipal Executive, Gaighat, Udayapur, Province no. 1 invites bids from eligible bidders for following works:

| S.N. | Contract Identification Number | Description of work | Bid Validity Period | Bid Security Amount (NRs.) | Bid Document Fee (NRs.) | Bidding Process |
|---|---|---|---|---|---|---|
| 1 | TM-UDA-NCB-GOODS-58/2079-80 | Procurement of Equipment for Solid Waste Management | 90 days | 6,35,000.00 | 5000 | NCB (1S2E) |

1. Purchase, Submission and Opening of Bid:

| Submission of Bid | | Opening of Bid | |
|---|---|---|---|
| Date | Time | Date | Time |
| 28 May.2023 (2080/02/14) | 12:00 Hours | 28 May. 2023 (2080/02/14) | 13:00 Hours |

2. Bank Account Details:

| Account Name | Bank Name | Bank Address | Account Number | Heading Number |
|---|---|---|---|---|
| Triyuga Municipality Gaighat, Udayapur | Rastriya Banijya Bank Ltd. | Gaighat, Udayapur | GA-1-1 2090100301010004 | Aantarik Rajaswa Khata |
| | | | GA-3 2090100303000004 | Dharauti Khata |

3. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered a last day. In such case validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
4. Triguga Municipality, Office of the Municipal Executive, Gaighat, Udayapur reserves the right to accept or reject, fully or partly any or all the Procurement of Works without assigning any reason, whatsoever. Other procurement process is remains as per rules of PPA and PPR

**Chief Administration Officer**
**Office of the Municipal Executive**

GET YOUR eVISA FOR MALAYSIA
Authorized by Government of Malaysia for Visa Processing
Hello Travels Pvt. Ltd.
Say Hello ! to your Destination
Metro Park Building, Third Floor, Uttar Dhoka
Lazimpat-2, Kathmandu, Nepal
+977-1-4419871
+977-9808819329 / 9818827005/ 9746459621
nepal.osc@gmail.com
थप जानकारीको लागि
QR SCAN गर्नुहोस्
You are one SCAN away from getting your VISA!



TRAVEL THE WORLD
Best Airfare and Wide Variety of Choices
Harvest Moon Travel and Tours (P.) Ltd.
Harvest Moon Building, Gairidhara,
Naxal, Kathmandu, Nepal
+977-1-4415574 / 4415526 / 4415517 / 4415442
harvestmoon@mos.co.np
www.harvestmoongroup.com

मध्यान्ह
www.madhyanhadaily.com

१४ वैशाख २०८०, बिहीबार
27 April 2023, Thursday

## सम्पादकीय

### नसुध्रिएका नेतृत्व

गत १० वैशाखमा सम्पन्न उपनिर्वाचनको नतिजालाई लिएर अनेक आँकलन भइरहेको छ । तर नतिजाको निष्कर्ष लगभग मिल्दो छ । प्रमुख दलहरूले यो चुनावमा नराम्रो पराजय बेहोरेको छ । बारा–२ मा जनता समाजवादी पार्टी (जसपा) अध्यक्ष उपेन्द्र यादवले जितेपनि सिके राउत नेतृत्वको जनमत पार्टीले राजनीतिक प्रतिस्पर्धामा ठूलो उपलब्धि हासिल गरेको छ । किनकि पहिलोपटक गत चुनावमा भाग लिएको जनमत पार्टीले यसपटक मधेशको बलियो शक्ति जसपा अध्यक्ष यादवलाई चर्को दबाव दिन सफल भएको छ । नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी र लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) को समर्थन रहेकाले यादवले चुनाव जिते । तर एक्लै चुनाव लडेको जनमत पार्टीले जुन तहको मत प्राप्त गरेको छ, त्यसले मधेशमा जसपा चुनौतीमा रहेको सन्देश गएको छ ।

